## प्रेस विज्ञप्ति

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नेपाल बैंक लिमिटेडको रू. ३ करोड १ लाख आर्थिक सहयोग

मिति २०८३ साल भाद्र १० गते बुधबार विहान रसुवाको भोटेकोशी तथा त्रिशुली नदीमा आएको विनाशकारी बाढीबाट रसुवा र नुवाकोट जिल्लाका विभिन्न स्थानमा ठूलो धनजनको क्षति पुग्न गएकोले उक्त प्राकृतिक विपद् घटनाबाट प्रभावित क्षेत्रका नागरिकहरूलाई सहयोग उपलब्ध गराई बैंकको तर्फबाट सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा नेपाल बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट रू. ३ करोड १ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको छ । साथै, बैंकले बाढी तथा पहिरोमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदनाका साथै गहिरो दु:ख व्यक्त गरेको छ ।

बैंक सञ्चालक समितिका सदस्य श्री अमृत लम्सालज्यूले अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा रू.३ करोड १ लाखको चेक माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यू समक्ष हस्तान्तरण गर्नुभएको छ । नेपाल बैंक लिमिटेड, संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट बाढी पीडितका लागि आर्थिक सहयोग प्रदान भएकोमा माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूले बैंक परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा बैंकको सञ्चालक समितिका सदस्य अमृत लम्सालज्यूले बैंकले दैवी तथा प्राकृतिक प्रकोप, महाभुकम्प, महामारीको रोकथाम तथा नियन्त्रण लगायत विभिन्न राष्ट्रिय विपद्को समयमा आर्थिक सहयोग प्रदान गर्दै आएकोमा सो को निरन्तरता स्वरूप रसुवाको भोटेकोशी तथा त्रिशुली नदीमा आएको विनाशकारी बाढीको कारण पीडित नागरिकहरूलाई सहयोग प्रदान गरिएको र आगामी दिनमा समेत बैंकको तर्फबाट यस प्रकारको सहयोग जारी रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा सञ्चालक समितिका सदस्य श्री बद्री खनाल र बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तिलकराज पाण्डेय, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत श्री होम बहादुर खड्का र सुशासन डिभिजन प्रमुख श्री होमनाथ दाहालको उपस्थिति रहेको थियो ।

भवदीय,

काठमाडौं, २०८३ भाद्र ११ गते, विहीबार ।

(प्रतिभा डंगोल)
प्रवक्ता

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

# रू. ३ करोड १ लाख सहयोग




नेपाल बैंक लिमिटेडद्वारा भोटेकोशी तथा त्रिशुली नदीमा आएको विनाशकारी बाढी प्रभावित क्षेत्रमा राहत सहयोगको लागि

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा

रू. ३ करोड १ लाख सहयोग

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३

नेपालको पहिलो बैंक
www.nepalbank.com.np